# आदिवासी जनजातिः कुमाल

सिमान्तिकृत समूह
संस्थाः नेपाल कुमाल समाज सुधार समिति, अनामनगर, काठमाडौ ।

कुमाल जाति प्रकृति धर्म मानेता पनि हिन्दु धर्म अवलम्बन गर्दै आएका पाइन्छ । वि.स.२०६८ को जनगणना अनुसार कुमालहरुको कूल जनसंख्या १२१,१९६ रहेको छ । नेपालको दार्चुला, डोल्पा र जाजरकोट जिल्ला बाहेक अन्य सबै जिल्लाहरुमा कुमाल जाति छरिएर बसोबास गर्दै आएको पाइन्छ । यिनीहरु विशेष गरी नदिनालाको किनार र बेसी तिर बसोबास गरेको पाइन्छ । यिनीहरु मध्ये पहाडी जातिको रुपमा परिचित छन् ।कुमालहरु दोलखा, भोजपुर, चैनपुर, धादिङ, गोरखा, नवलपरासी संखुवासभा, पाल्पा, पर्वत जिल्लाहरुमा बहुसंख्यकको रुपमा रहेका छन्। कुमालहरुको बसोबास क्षेत्र मध्य भित्री मधेशको पाल्पा जिल्ला प्रमुख मान्न सकिन्छ ।

कुमाल जातिको परम्परागत मुख्य पेशा माटाको भाडा बनाउनु नै हो ।यस बाहेक कृषि, पशुपालन र ज्याला मजदुरी पनि गरेको पाइन्छ । हाल माटाका भाडा बनाउने पेशा नयाँ प्रविधिको विकास सँगै कुमालहरुको यो पेशा संकटमा रहेको छ ।

कुमाल जातिको आफ्नै भाषा छ । जनगणना २०६८ अनुसार कुमाल मातृभाषीको संख्या १२,२२२ रहेको छ ।कुमाल जातिको भाषालाई कुमाल भाषा भनिन्छ । कुमाल भाषा कसैले भारेपेली परिवारको अर्चमगधी शाखा अन्तरगत भनेका छन भने कसैले कालवाची प्रत्ययहरुको संरचना शैली कतिपय अंशमा भोजपुरीसँग भन्दा मगधली शाखासँग सम्बन्धित रहेको बताउँछन ।

माटाका भाडाहरु बनाउने व्यवसाय अंगालेको हुनाले यिनीहरुलाई कुमाल भनिएको हो । कुमाल संस्कृत शब्दको कुम्भकार शब्दबाट आएको हो र यसको अर्थ माटोको भाडा बनाउने भन्ने बुझिन्छ ।प्राचिनताका हिसाबले भारतीय उपमहाद्विपमा सिन्धुघाटीको सभ्यता देखि नै कुमाल जातिको अस्तित्व रहदै आएको र त्यस समय देखि हालसम्म यस पेशा र सीपलाई निरन्तरता दिदै भारतका विभिन्न ठाउँहरुमा यस जातिको समूह फैलिएर नेपालमा पनि प्रवेश गरेको भन्ने किम्बदन्ती रहेको छ । मानिसलाई आवश्यक पर्ने घरायसी सामानहरु अन्न जम्मा गर्न, खाना पकाउन, पानी भण्डार गर्न आदि विभिन्न प्रायोजनका निम्ति माटाका भाडा दक्ष तथा सिपालु ब्यक्तिबाट बनाइन थाले र जसलाई कुम्भकार भनियो । पछी त्यही शब्द अपभ्रंश भइ कुम्हार, कुम्हारे र कुमाल बन्न गयो । कुमाल जाति सोझा, सरल र इमान्दार भएकाले प्राचिन समयमा शासकहरुले यिनीहरुलाई विभिन्न शुभकार्य, विवाह, ब्रतबन्ध, पास्नी, न्वारन आदि कार्यमा लगाउने गर्दथे ।

शारिरिक बनोट : प्राय कालो वर्ण, कालो आँखा र कपाल, बलियो शरीर, मझौला कद, मंगोलियन अनुहार, सोझा र इमान्दार हुन्छन ।यिनीहरु अन्य जाति थारु, दनुवार, दरै, माझी र बोटेहरुको जस्तै शारिरिक बनौट भएका हुन्छन ।

कुमालहरु मंगोलियन आकृतिको देखिएता पनि यिनीहरु आर्य नै हुन् ।भाषा, संस्कृति र धार्मिक परम्पराका आधारमा विश्लेषण गर्दा कुमालहरु नेपालको तराई क्षेत्रका थारु जाति कै ससर्गमा बस्दै आएको जाति हो । कुमाल समुदाय खास गरी संयुक्त परिवारमा बस्न रुचाउँछन् । तर एकात्मक परिवार पनि रहेको पाइन्छ ।

कुमाल समाजमा परम्परा देखि चल्दै आएको मूल्य, मान्यता, चालचलन, परिवार, थर तथा गोत्र, नाता कुटुम्ब यथास्थितिमा कायम राखेको पाईन्छ ।अन्य जातिमा जस्तै ठूलालाई आदार सम्मान गर्ने प्रचलन रहेको छ ।कुमालहरुले चण्डी पुजा सबैभन्दा महत्वपूर्ण पुजाको रुपमा मनाउँछन । कुमालहरु हिन्दु देवीदेवताका साथै पितृपुजा, कुलायन पुजा, वायु पुजा, चण्डी पुजा, मण्डलीवाई, सोमवाई, देशान्तरीमाई, फिरन्तरीमाई, जावेदपुजा, पूर्वेलीपुजा, आइतवारेपुजा, सोमपुजा, नागनागिनी, शिकारीपुजा आदीको पुजाआजा गर्दछन ।

घरपरिवार सदस्य भेला भएर मनाउने चाडहरुमा दशै तिहार, संक्रान्ती, तीज आदि हुन भने सार्वजनिक रुपमा भेला भएर मनाउने चाडपर्वहरु शिवरात्री, फागुपुर्णिमा, रथयात्रा, श्रावण र माघे संक्रान्ती, चैते दशैं आदी पर्दछन ।

कुमाल महिलाहरु घर भित्रको काम, मेलापर्व, चाडपर्व, पुजाआजा, नाचगान र संस्कारहरुमा सहभागी हुन्छन् । तिहार, तिज, कृष्णजन्माष्टमी आदि जस्ता उत्सवमा महिलाको महत्व हुने गर्दछ । कुमाल सामजमा नारीले उसको पति आफै छान्ने परम्परा रहेको छ । अवस्था हेरी छोरीलाई अंश पनि दिएको पाइन्छ ।

कुमालहरुका थरहरु विभिन्न प्रकारका हुन्छन् । कतिपय थरहरु परानो बासस्थान र पेशाको आधारमा निर्धारित गरिएको प्रतित हुन्छन् । केही मुख्य थरहरुः खत्री, ठीन्ठीने खत्री, बगाले, अर्धाली, खिस्नली, प्यूठानी, सप्लुङे, कइर, पोखेल, ओग्रेली, लाहुरे खत्री, राना, मगराने, गोहुङ्गे, पोस्थरे, साप्कोटे, बढघरे, हर्दिया, राङ्ग, डोर्याउजे, भाझकोटे, सविगे, राजपुत, बोसखरे, हदौलि, बरिखोर, चप्कोटे, गोर्सते, मसुके, अडमइया मुसके, पाल्पाली, पर्वति, स्याङजाली, नया चाउतारे राना आदी ।

कुमालहरु पूर्विया ७ थरे, पश्चिमेली १४ थरे र ३ थरे हुन्छन । आठथरे (पूर्विया) सुंगुरको मासु खान्छन भने बाह्रथरे (पश्चिमे) भैंसी र राँगाको मासु खान्छन ।

कुमालहरु बिरामी भएमा धामीझाँक्री र झारफुकमा विश्वास राख्दछन । यिनीहरु भुतप्रेतलाई भेटी चढाउने र देउतालाई भाकल गर्ने चलन ब्यापक छ ।

भेषभूषाः कुमाल महिलाहरुको परम्परागत पोशाकमा कालो गुन्यु, चोलो र पहेलो पोते, पटुका पछ्यौरा, मजेत्रो र घलेक लगाउँदछन् ।कुमाल पुरुषहरुले कछाड, भोटो, कमिज, कट्टु, टोपी र पटुका लगाउने गर्दछन ।

गरगहनाः कुमाल महिलाहरु कानमा टाय (नाङ्गलो आकारको सुनको गहना), घाँटीमा टिमुरा (चाँदीको हार भएको माला), फुली, बुलाकी मारवाडी, ढुंग्री, सिरमुन्द्री, हातमा रैया, औलामा चाँदीको पैसाको औठी, नौगेडी, जन्तर, तिलहरी आदी लगाउँदछन ।

कुमाल जातिको आफ्नै प्रकारको प्रथा जनित कानून रहेको छ । कानून हेर्ने जिम्मा मिजार, मुखिया, बढ्यौली र गौरूङ्ग जस्ता पद दिएर प्रशासनिक कार्य गर्ने परम्परा रहेको थियो ।

कुमालहरुले मनोजञ्जनको साधनमा नाचगानलाई बढी प्रयोग गरिएको देखिन्छ । यिनीहरुले झाम्रे तथा मारूनी नाचलाई गानाको आयोजना गरी मनोरञ्जन गर्दछन् ।

सन्दर्भ सामग्रीः


- बाघवीर मखिया (कमाल) २०६८. "कमाल समाजको सामाजिक सांस्कतिक आर्थिक तथा विविध विषय समेटेर गरेको अध्ययन चिर्तङ्गधारा गाविस. पाल्पा"